नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
औद्योगिक पूर्वाधार शाखा

प.सं. ०८१/८२
च.नं. ४४१

सिंहदरवार, काठमाडौं

मितिः २०८२/०३/१९

विधायन ऐन २०८१ को दफा ६ को उपदफा २ को प्रयोजनका लागि खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सर्वसाधारणको राय सुझावको लागि देहायको विवरणसहित प्रकाशन गरिएको छ।

देहाय

१. खानी तथा खनिज पदार्थ सम्बन्धमा नेपालको संविधानले अनुसुची ५ मा खानी उत्खननको अधिकार संघलाई, अनुसूची ६ मा खानी अन्वेषण र व्यवस्थापनको अधिकार प्रदेशलाई, अनुसूची ७ मा खानी तथा खनिज पदार्थको संरक्षणको अधिकार स्थानीय तहलाई र अनुसूची ८ मा खानी तथा खनिज पदार्थको अधिकार तीन वटै तहको साझा अधिकारको रुपमा राखेको र सो अनुरुप ऐनको प्रवन्ध गर्न खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको तर्जुमा गरिएको।

२. यो विधेयकको व्यवस्थाबाट खानी तथा खनिज क्षेत्रको प्रभावकारी व्यवस्थापन मार्फत थप आर्थिक अवसरहरु सिर्जना हुन गई मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्धनमा योगदान पुग्ने।

३. नेपाल सरकारलाई केही आर्थिक व्ययभार थप हुने भएपनि विधेयकको कार्यान्वयनबाट खानी तथा खनिज पदार्थको प्रभावकारी व्यवस्थापन भई थप अवसर सृजना हुने हुँदा मुलुकको समग्र आर्थिक र वित्तीय अवस्थामा सुधार आउने।

४. खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकले दिगो विकासका लक्ष्य ७, ८, ९, ११ लगायत धेरैजसो लक्ष्य हासिल गर्न सहयोग पुग्ने।

५. खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकबाट खानी तथा खनिज पदार्थको क्षेत्रमा अनाधिकृत उत्खनन्, चोरी लगायतका विकृति न्यूनिकरण भई सुशासन प्रवर्धनमा सहयोग पुग्ने।

६. यस विधेयकको व्यवस्थाबाट खानी तथा खनिज पदार्थको व्यवस्थापनबाट वातावरणमा पर्न जाने असर न्यूनीकरणमा सहयोग पुग्न गई जलवायु अनुकुलमा सकारात्मक योगदान दिने।

विधेयकको मस्यौदामा राय सुझाव र परामर्श दिन चाहने व्यक्ति वा संस्थाले सुचना प्रकाशन भएको ७ दिनभित्र आफ्नो राय/सुझाब मन्त्रालयको इमेल ठेगाना moicsie@moics.gov.np वा फोन नः ०१-४२००५२ मा उपलब्ध गराइदिनुहुन सादर अनुरोध छ।